# ग्रीन भेन्चर्स लिमिटेड
# Green Ventures Limited

**लिखु–४ जलविद्युत आयोजना (५२.४ मे.वा.)**

वडा नं. २८, पुतलीसडक, काठमाडौं, नेपाल, फोन नं : ०१-५३४२३१७
इमेलः frontdesk@trivenihydro.com वेभसाइटः www.greenventuresnepal.com

## पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसकेपछिको पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस ग्रीन भेन्चर्स लिमिटेडको मिति २०८०।९।१० मा बसेको संचालक समितिको पाँचौं बैठकको निर्णयानुसार यस कम्पनीको पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसकेपछिको **पाँचौं वार्षिक साधारण सभा** निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०८० साल माघ ५ गते शुक्रबार (तदनुसार १९ जनवरी, २०२४) ।
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : बानेश्वर व्याङ्क्वेट, थापागाउँ, नयाँबानेश्वर, काठमाडौं ।

**वार्षिक साधारण सभाको छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचिः**

**सामान्य प्रस्तावहरु :**

(१) आ.व. २०७९।०८० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
(२) आ.व. २०७९।०८० को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण पारित गर्ने ।
(३) आ.व. २०८०।०८१ को लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने ।
(४) कम्पनीको नियमावलीको नियम २७(२) बमोजिम सर्वसाधारण शेयरधनी समूहको तर्फबाट १ जना संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।
(५) कम्पनीका संचालकको बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा ।
(६) विविध ।

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीः**

१) साधारण सभामा भाग लिने प्रयोजनको लागि मिति २०८०।९।२० गते १ दिनको लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८०।९।१९ गते सम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको यस कम्पनीको शेयर रजिष्ट्रार लक्ष्मी क्यापिटल मार्केट लिमिटेडमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन सक्नेछन् ।

२) कम्पनी ऐन, २०६३, को दफा ८४ को प्रयोजनार्थ संक्षिप्त आर्थिक विवरण शेयरधनीको जानकारीको लागि यसै सूचना साथ प्रकाशित गरिएको छ । साथै कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिमको वार्षिक आर्थिक विवरण, संचालकको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, दफा ७८ बमोजिम तयार पारिएको प्रतिवेदन र सभामा पेश हुने प्रस्तावहरु यस कम्पनीको रजिष्टर्ड कार्यालय त्रिवेणी कम्प्लेक्स, दोश्रो तल्ला, पुतलीसडक, काठमाडौंमा वा शेयर रजिष्ट्रार लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौंबाट प्राप्त गर्न सक्नुहुनेछ वा कम्पनीको वेबसाईट www.greenventuresnepal.com मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

३) साधारण सभामा भाग लिन वा मतदान गर्नको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम भरी सभा सुरु हुन तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय त्रिवेणी कम्प्लेक्स, दोश्रो तल्ला, पुतलीसडक, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ । त्यसरी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा सुरु हुने भनि तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको कार्यालय समय भित्र दर्ता गरेमा वा आफु स्वयं साधारण सभामा उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । कुनै शेयरधनीले एक भन्दा बढी व्यक्तीलाई प्रतिनिधि नियुक्त गरेको भएमा निज स्वयंले अन्य बदर गरी एउटा कायम गरेको अवस्थामा बाहेक त्यस्ता सबै प्रतिनिधि (प्रोक्सी) हरु स्वतः बदर हुनेछन । प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियुक्त गनुपर्दछ । कुनै किसिमबाट प्रोक्सी छुट्याई दिएमा छुट्याएको सबै प्रोक्सी बदर गरिनेछ ।

४) शेयरधनी महानुभावहरुको सुविधाको लागी हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन बिहान १०:०० बजे देखि बिहान ११ :३० बजे सम्म खुल्ला रहनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु वा प्रोक्सीले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम साधारण सभाका लागि आवश्यक गणपूरक संख्या पुरा भए पश्चात सभाको काम कारबाही अगाडी बढाइनेछ ।

५) साधारण सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनी वा प्रोक्सीले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने सक्कल प्रमाणपत्र (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै सरकारी निकायबाट जारी भएको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुपर्नेछ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइनेछैन ।

६) साझा रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा साझेदारद्धारा नियुक्त साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधि (प्रोक्सी)ले र सो बमोजिम नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा नाम क्रमानुसार अघि लेखिएको साझेदारले मात्र सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न पाउनेछन ।

७) नाबालक तथा असक्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा शेयरधनी दर्ता कितावमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रोक्सी नियुक्त गर्न सक्नेछ ।

८) यस कम्पनीको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले सभामा भाग लिनको लागि प्रतिनिधि मुकरर गर्न सक्नेछ । प्रतिनिधी मुकरर गर्ने संगठित संस्था वा कम्पनी भएमा त्यस्तो संस्था वा कम्पनीको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनु पर्नेछ ।

९) शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट सामूहिक रुपले वा संचालक समितिका अध्यक्षले वा अध्यक्षले तोकेको व्यक्तिले जवाफ दिन सक्नुहुनेछ ।

१०) संचालक समितिमा प्रतिनिधित्व गर्ने सर्वसाधारण शेयरधनी समूहतर्फका संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालय त्रिवेणी कम्प्लेक्स, दोश्रो तल्ला, पुतलीसडक, काठमाडौंमा पछि निर्वाचन अधिकृतले प्रकाशित गर्नेछ ।

११) संचालक पदको निर्वाचनमा उम्मेदवार हुन कम्पनी ऐन, प्रचलित कानून, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा संचालक निर्वाचन सम्बन्धी निर्देशिका-२०८० बमोजिम संचालक हुन योग्य हुनुपर्नेछ ।

१२) निर्वाचन सम्बन्धी कार्यहरु कम्पनीको स्वीकृत संचालक निर्वाचन सम्बन्धी निर्देशिका-२०८० तथा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

१३) साधारण सभाको काम कारवाहीहरु कम्पनी ऐन, २०६३, तथा कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम हुनेछ ।

१४) निर्वाचन तथा साधारण सभा सम्बन्धी थप जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय त्रिवेणी कम्प्लेक्स, दोश्रो तल्ला, पुतलीसडक, काठमाडौं (फोन नं. ०१-५३४२३१७) वा यस कम्पनीको शेयर रजिष्ट्रार लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौंमा (फोन नं. ०१-५९७००६४) सम्पर्क गर्न सकिनेछ ।

---

## ग्रीन भेन्चर्स लिमिटेड
**प्रोक्सी फारम (प्रतिनिधि पत्र)**

श्री संचालक समिति
**ग्रीन भेन्चर्स लिमिटेड**
त्रिवेणी कम्प्लेक्स, पुतलीसडक, काठमाडौं ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

… … … … … … जिल्ला … … … … … … … म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. … … बस्ने म/हामी… … … … .. … … … … … … … … … ले त्यस कम्पनीको शेयरधनीको हैसियतले वि.सं. २०८०/ / गते… … … … … का दिन हुने कम्पनीको … औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल एवंम निर्णयमा सहभागी हुन तथा मतदान गर्न नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट छलफल एवंम निर्णयमा सहभागी हुन तथा मतदान गर्नका लागि … … … … … … … जिल्ला … … … … … … … … म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. … … बस्ने श्री … … … … … … … … … … … … लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरि पठाएको छु/पठाएका छौं ।

| **प्रतिनिधि नियुक्त भएको व्यक्तिको** | **निवेदकको** |
|---|---|
| हस्ताक्षरको नमूना : | दस्तखत : |
| शेयर प्रमाणपत्र नं. : | नाम : |
| शेयरधनी/हितग्रही परिचय नं. | ठेगाना : |
| शेयर संख्या : | शेयर प्रमाणपत्र नं. : |
| | शेयरधनी/हितग्रही परिचय नं. |
| मिति : | शेयर संख्या : |

## आ.व. २०७९/८० को संक्षिप्त आर्थिक प्रतिवेदन

यस कम्पनीको मिति २०८०/१०/०५ गते सम्पन्न हुने वार्षिक साधारण सभाको प्रयोजनका लागी कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको यो संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनिहरुको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. यस कम्पनीले लिखु-४ जलविद्युत आयोजना निर्माणको लागी लक्ष्मी सनराइज बैंक लि. बैंकको अगुवाईमा गठन भएको सह-वित्तियकरण मार्फत परियोजना कर्जा लिई निर्माण सम्पन्न गरेको र विद्युत उत्पादन पश्चात नियमित रुपमा तोकिए बमोजिमको भुक्तानी तालिका अनुसार बैंकहरुको साँवा तथा ब्याज समेत भुक्तानी गर्दै आएको छ ।
२. यस कम्पनीको सिभिल संरचना, इलेक्ट्रोमेकानिकल उपकरण, ट्रान्समिसन लाइन आदि सम्पतीको सबै किसिमको जोखिम ब्यहोर्ने गरी कुल रु. १०,९३०,०००,०००।०० को सम्पत्ती बीमा गरिएको छ । सो बाहेक विद्युत उत्पादन कार्य ३० दिन भन्दा बढी बन्द भएमा सो बाट पर्ने व्यवसायीक क्षतिको समेत दावी भुक्तानी पाउने गरी रु. १,७२६,९२२,३३९।६१ को Loss of Profit बीमा गरिएको छ । आयोजनाले तेस्रो पक्ष बीमा समेत गरेको छ । यसका साथै कम्पनीमा कार्यरत कर्मचारीहरुको दुर्घटना तथा बिरामी बीमा गरिएको छ ।
३. चालु आ.व. २०८०/२०८१ को तीन महिनाको अवधिमा यस कम्पनीले प्रकाशित गरिएको अपरिष्कृत आर्थिक विवरण अनुसार बिक्रीबाट आम्दानी रु. ५४७,१९०,४२३।०० (अक्षरेपी रु. चवन्न करोड एकहत्तर लाख नब्बे हजार चार सय तेइस) तथा खुद नाफा रु.२३४,६५६,८७४।०० (अक्षरेपी रु. तेइस करोड छ्यालीस लाख छपन्न हजार आठ सय चौहत्तर) भएको थियो । साथै २०८० श्रावण देखि मंसिर मसान्तसम्मको बिक्रीबाट आम्दानी रु.७९४,९८५,४८७ (अक्षरेपी रु. उनास्सी करोड उन्नचास लाख पचासी हजार चार सय सतासी) प्राप्त भएको थियो ।
४. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरु र संचालक समितिको प्रतिवेदनबाट संक्षेपीकरण गरिएको हो । उल्लेखित वार्षिक विवरणहरु कम्पनीको वेबसाइट www.greenventuresnepal.com मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ ।

| **विरेन्द्र कुमार संघई**<br>**संचालक समिति** | **सि. ए. विकास तोदी**<br>**विकास तोदी एण्ड एसोसिएट्स**<br>**चार्टर्ड एकाउन्टेन्ट्स** |
|---|---|

### ३१ आषाढ २०८० (१६ जुलाई २०२३) गतेको वासलात

*(रकम रुपैयामा)*

| विवरण | ३१ आषाढ २०८० | ३२ आषाढ २०७९ |
|---|---:|---:|
| **सम्पत्ति** | | |
| **गैर चालु सम्पत्ति** | | |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरण | ५०,९२५,४९७ | ६१,२१०,४५२ |
| अदृश्य सम्पत्ति | १०,७१९,४०२,८३७ | १०,८८५,७६३,५५८ |
| आयोजना कार्य प्रगति | २४,६२७,८५४ | १९,००७,८१४ |
| लगानी | ३८,५७७,५५५ | ३१,८९७ |
| स्थगन कर सम्पत्ति | - | - |
| **जम्मा गैर चालू सम्पत्ति** | **१०,८३३,५३३,७४३** | **१०,९६६,०१३,७२१** |
| | | |
| **चालू सम्पत्ति** | | |
| जिन्सी मौज्दात | १९,६२०,६८६ | १२,८५३,२०९ |
| व्यापारिक तथा अन्य आसामी लिनुपर्ने | ३८४,७१८,२२७ | ५९९,८४९,२८१ |
| आयकर सम्पत्ति | ८,३८१,३१४ | ४,९०६,९१५ |
| अल्पकालीन लगानी | १२१,४५०,००० | - |
| पूर्व भुक्तानी | २५,२६८,४८४ | ११,६१८,२८५ |
| नगद तथा नगद सरह | १०६,६२१,९४४ | ६,१८०,७०४ |
| **जम्मा चालू सम्पत्ति** | **६६६,०६०,६५५** | **६३५,४०८,३९४** |
| **जम्मा सम्पत्ति** | **११,४९९,५९४,३९८** | **११,६०१,४२२,११५** |
| | | |
| **पूँजी तथा दायित्व** | | |
| **पूँजी** | | |
| शेयर पूँजी | ३,१२५,०००,००० | ३,१२५,०००,००० |
| संचित नाफा तथा जगेडा | २१८,०३०,१९७ | (९३,५२९,५९५) |
| **जम्मा पूँजी** | **३,३४३,०३०,१९७** | **३,०३१,४७०,४०५** |
| | | |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| वित्तीय दायित्व | ७,६८०,८९८,३२४ | ८,१११,६९९,५१४ |
| कर्मचारी सुविधा | - | - |
| स्थगन कर दायित्व | - | - |
| **जम्मा गैर चालू दायित्व** | **७,६८०,८९८,३२४** | **८,१११,६९९,५१४** |
| | | |
| **चालू दायित्व** | | |
| वित्तीय दायित्व | ४००,१००,००० | २४३,५१३,१९५ |
| व्यापारिक तथा अन्य दायित्व | ७५,५६५,८७८ | २१४,७३९,००२ |
| आयकर दायित्व | - | - |
| कर्मचारी सुविधा | - | - |
| **जम्मा चालू दायित्व** | **४७५,६६५,८७८** | **४५८,२५२,१९७** |
| | | |
| **जम्मा दायित्व** | **८,१५६,५६४,२०२** | **८,५६९,९५१,७११** |
| **जम्मा पूँजी तथा दायित्व** | **११,४९९,५९४,३९८** | **११,६०१,४२२,११५** |

### ३१ आषाढ २०८० (१६ जुलाई २०२३) गते समाप्तवर्षको नाफा तथा नोक्सान विवरण

*(रकम रुपैयामा)*

| विवरण | ३१ आषाढ २०८० | ३२ आषाढ २०७९ |
|---|---:|---:|
| बिक्रीबाट आम्दानी | १,५४४,५१५,०४० | ९४२,५५८,९३१ |
| उत्पादन खर्च | (५८६,२४४,६४४) | (३९९,००९,०८३) |
| **कूल नाफा** | **९५८,२७०,३९६** | **५४३,५४९,८४८** |
| अन्य आम्दानी | ५,४४३,४३४ | ५९,१२३,५९५ |
| प्रशासनिक खर्च | (२१,५४४,५७३) | (३८,१५७,१३१) |
| अन्य संचालन खर्च | - | - |
| **संचालनबाट नाफा** | **९४२,१६९,२५७** | **५६४,५१६,३१२** |
| खुद वित्तीय खर्च | (६२१,१४६,४२२) | (४५२,४९४,८१८) |
| **कर्मचारी बोनस र आयकर अघिको नाफा** | **३२१,०२२,८३५** | **११२,०२१,४९४** |
| कर्मचारी बोनस | (६,३११,५८८) | (१,०३५,११५) |
| **आयकर अघिको नाफा/(नोक्सान)** | **३१४,७११,२४७** | **११०,९८६,३७९** |
| **आयकर खर्च** | | |
| चालू वर्षको आयकर | - | - |
| स्थगन कर आम्दानी/(खर्च) | - | - |
| **जारी गतिविधिबाट नाफा/(नोक्सान)** | **३१४,७११,२४७** | **११०,९८६,३७९** |
| **बन्द गतिविधिबाट नाफा/(नोक्सान) – आयकर सहित** | - | - |
| **कर्पोरेट सामाजिक दायित्व (CSR) अघिको नाफा/(नोक्सान)** | **३१४,७११,२४७** | **११०,९८६,३७९** |
| कर्पोरेट सामाजिक दायित्व | (३,१४७,११२) | (१,१०९,८६४) |
| **यस वर्षको नाफा/(नोक्सान)** | **३११,५६४,१३४** | **१०९,८७६,५१६** |
| | | |
| **प्रति शेयर आम्दानी (प्रति शेयर मूल्य रु.१००)** | | |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | ९।९७ | ४।०८ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | ९।९७ | ४।०८ |

### ३१ आषाढ २०८० (१६ जुलाई २०२३) समाप्तवर्षको नगद प्रवाह विवरण

*(रकम रुपैयामा)*

| विवरण | ३१ आषाढ २०८० | ३२ आषाढ २०७९ |
|---|---:|---:|
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| यस वर्षको नाफा/(नोक्सान) | ३११,५६४,१३४ | १०९,८७६,५१६ |
| **समायोजन** | | |
| स्थगन कर खर्च | - | - |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरण मा ह्रास कट्टि | ११,४१३,८११ | १३,७३९,९९० |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरण मा भएको हानि (Impairment) | - | - |
| अदृश्य सम्पत्तिमा भएको परिशोधन (Amortization) | ४२८,६३५,२८० | २८५,७१६,२२१ |
| लाभांश आय | (१,९८६) | - |
| खुद वित्तीय खर्च | ६२१,१४६,४२२ | ४५२,४९४,८१८ |
| **कार्यशील पूँजीमा समायोजन** | | |
| जिन्सी मौज्दातमा भएको कमी/(वृद्धि) | (६,७६७,४७७) | (१०,९५१,८५७) |
| व्यापारिक तथा अन्य आसामी लिनुपर्ने रकममा भएको कमी/(वृद्धि) | २१५,१३१,०५५ | ३६२,५२५,८७८ |
| अन्य चालू सम्पत्तिमा भएको कमी/(वृद्धि) | (१७,१२४,५९७) | (३१९,१४२) |
| अल्पकालीन लगानीमा भएको कमी/(वृद्धि) | (१२१,४५०,०००) | - |
| व्यापारिक तथा अन्य दायित्व रकममा भएको वृद्धि/(कमी) | (१३९,१७३,१२५) | (२७६,०७४,२८५) |
| **संचालनबाट सृजित नगद** | **१,३०३,३७३,५१६** | **९३७,००८,१३८** |
| आयकर भुक्तानी | - | - |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **१,३०३,३७३,५१६** | **९३७,००८,१३८** |
| | | |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणमा भएको खरीद | (१,१२८,८५६) | (३९५,२२६) |
| आयोजना कार्य प्रगतिमा भएको (वृद्धि)/कमी | (५,६२०,०४०) | ९,३९३,२०७,०२९ |
| आयोजना कार्य प्रगतिलाई अदृश्य सम्पत्तिमा परिवर्तन गरिएको | - | (११,१७१,४७९,७७९) |
| आयोजना कार्य प्रगतिलाई सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणमा परिवर्तन गरिएको | - | (७४,११०,६४४) |
| अदृश्य सम्पत्तिमा भएको (वृद्धि)/कमी | (२६२,२७४,५५९) | - |
| दीर्घकालीन लगानीमा भएको (वृद्धि)/कमी | (३८,५५०,०००) | - |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणहरु लाई बिक्री गरिएको | - | - |
| लाभांश आय | १,९८६ | - |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | **(३०७,५७१,४६८)** | **(१,८५२,७७८,६२०)** |
| | | |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| सर्वसाधारणमा शेयर जारी गरिए बापत प्राप्त रकम | - | ६२५,०००,००० |
| शेयर आवदेन रकम | - | - |
| दीर्घकालिन ऋणमा भएको वृद्धि/(कमी) | (४३०,८०१,१९०) | २,१०७,७२९,०३१ |
| अल्पकालिन ऋणमा भएको वृद्धि/(कमी) | १५६,५८६,८०५ | (१,३९१,२३०,४५२) |
| लाभांश भुक्तानी | - | - |
| खुद वित्तीय खर्च | (६२१,१४६,४२२) | (४५२,४९४,८१७) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **(८९५,३६०,८०६)** | **८८९,००३,७६१** |
| | | |
| **नगद र नगद सरहमा भएको वृद्धि/(कमी) (क+ख+ग)** | **१००,४४१,२४१** | **(२६,७६६,७२१)** |
| वर्षारम्भमा नगद र नगद सरह | ६,१८०,७०४ | ३२,९४७,४२७ |
| **वर्षान्तमा नगद र नगद सरह** | **१०६,६२१,९४४** | **६,१८०,७०४** |